# फलफूल वर्ष कार्यक्रम(सञ्चालन) कार्यविधि, २०७५

**प्रस्तावना:** मुलुकमा फलफूल आयातको परिमाण वृद्धि भईरहेको सन्दर्भमा यस प्रदेशको भौगोलिक तथा हावापानीको विविधताको उपयोग गरी व्यवसायिक उत्पादन तथा उत्पादकत्व बृद्धिमार्फत फलफूल आयात प्रतिस्थापन गर्न फलफूल क्षेत्र बिस्तार, उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत नीति तथा कार्यक्रममा यस वर्षलाई फलफुल वर्षको रुपमा घोषणा गरिएको साथै आर्थिक वर्ष २०७५/०७६देखि २०८४/०८५ सम्मलाई "फलफूल दशक" को रुपमा कार्यन्वयन गर्न मन्त्रिपरिषदले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"फलफूल वर्ष कार्यक्रम(सञ्चालन) कार्यविधि, २०७५"** रहेको छ।

(२) यो कार्यविधि मन्त्रिपरिषदबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** बिषय वा प्रसँगले अर्को अर्थ नलागेमा,-

(क) **"कार्यक्रम"** भन्नाले प्रदेश सरकारको फलफूल वर्ष तथा फलफूल दशकलाई समेटी तयार गरिएको स्वीकृत बार्षिक कार्यक्रम र बजेट सम्झनु पर्छ ।

(ख) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(ग) **"फलफूल दशक"** भन्नाले प्रदेश सरकारबाट फलफूलको क्षेत्र बिस्तार तथा उत्पादन/उत्पादकत्व अभिवृद्धिका लागि आर्थिक वर्ष २०७५/७६ देखि २०८४/८५ सम्म सञ्चालन गरिने विभिन्न उत्पादनमूलक र प्रवर्धनात्मक गतिविधी सम्झनु पर्छ ।

(घ) **"फलफूल वर्ष"** भन्नाले मन्त्रालयको स्वीकृत कार्यक्रम अनुसारको आर्थिक वर्ष सम्झनु पर्छ ।

(ङ) **"फलफूल बिरुवा क्षेत्र निर्धारण सिफारिस समिति"** भन्नाले यस कार्यविधिको दफा ४ अनुसार गठित समिति सम्झनु पर्छ ।

(च) **"बिरुवा"** भन्नाले हिउँदे र बर्खे फलफूल तथा अलैंची लगायत औषधिजन्य, संस्कृतिजन्य, सुगन्धित तथा अन्य विभिन्न प्रकारका उच्च मूल्यका बहुबर्षीय बिरुवा वा बाली सम्झनु पर्छ ।

(छ) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ज) **"मुल्यांकन समिति"** भन्नाले यस कार्यविधिको दफा ८ को उपदफा १ अनुसार गठित समिति सम्झनु पर्छ ।

(झ) **"साझेदार संस्था"** भन्नाले कृषक समूह, कृषि सहकारी, नीजि फर्म, सामुदायिक वन, आफै उत्पादन गर्ने कृषक र कृषि उद्यमी संस्था सम्झनु पर्छ ।

(ञ) **"स्थानीय तह"** भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ ।

(ट) "क्षेत्र निर्धारण समिति" भन्नाले यस कार्यविधिको दफा ५ अनुसार गठित समिति सम्झनु पर्छ ।

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय वमोजिम हुनेछ,-

(क) निजि, सार्बजनिक, गुठी, सामुदायिक तथा कबुलियती वन क्षेत्रहरुमा फलफूल र अन्य उच्च मूल्यका वृक्ष रोपण गरी वन क्षेत्रलाई उत्पादनशील बनाउने,

(ख) प्रदेश भित्र रहेका सरकारी तथा निजि स्तरमा रहेका बिरुवा उत्पादन गरी बिक्रि वितरण गर्ने नर्सरीहरुको आधुनिकीकरण मार्फत स्वस्थ र गुणस्तरीय बिरुवा उत्पादनमा प्रवर्द्धन गर्ने,

(ग) फलफूल प्रशोधन र बजारीकरणमा सहयोग पुर्‍याउने,

(घ) फलफूलको मूल्य शृंखला विकास गरी निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गर्ने,

(ङ) फलफूलको उपभोगस्तर बढाई सर्वसाधारणको खाद्य तथा पोषणमा सुधार ल्याउने,

(च) भू-क्षय नियन्त्रण, प्रदुषण नियन्त्रण तथा वातावरण संरक्षणमा योगदान पुर्‍याउने ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन

४. फलफूल बिरुवा क्षेत्र निर्धारण सिफारिस समितिको व्यवस्थाः (१) सबै स्थानिय तहमा देहाय वमोजिमको पदाधिकारी रहेको फलफूल बिरुवा क्षेत्र निर्धारण सिफारिसको समिति रहनेछः-

(क) सम्बन्धित स्थानीय तहको आर्थिक विकास समितिको संयोजक -अध्यक्ष

(ख) सम्बन्धित स्थानीय तहको योजना शाखाको प्रमुख - सदस्य

(ग) सम्बन्धित स्थानीय तहको कृषि शाखाको प्रमुख, -सदस्य सचिव

(२) फलफूल बिरुवा क्षेत्र निर्धारण सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) समितिले आफ्नो क्षेत्रको भौगोलिक, सामाजिक, आर्थिक, वातावरणीय तथा प्राविधिक सम्भाव्यताका आधारमा उपयुक्त बाली/बिरुवा, ठाउँ (वडा नं र गाउँको नाम), अनुमानित क्षेत्रफलको आधारमा क्षेत्र निर्धारण समितिमा सिफारिस गर्नेछ,

(ख) "एक स्थानीय तह ३ फलफूल " को अवधारणामा एक प्रकारको फलफूलको लागि न्युनतम ५ हेक्टर क्षेत्रफल कायम हुने गरी यस मन्त्रालयमा रहेको क्षेत्र निर्धारण समितिमा सिफारिस गर्नेछ।

५. क्षेत्र निर्धारण समितिः (१) मन्त्रालयमा देहायको क्षेत्र निर्धारण समिति हुनेछ,-

(क) प्रमुख, खाद्य सुरक्षा तथा कृषि व्यावसाय प्रवर्द्धन महाशाखा -संयोजक

(ख) प्रमुख, नीति तथा मापदण्ड शाखा -सदस्य

(ग) प्रमुख, कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास शाखा -सदस्य सचिव

(२) क्षेत्र निर्धारण समितिले स्थानीय तहको क्षेत्र निर्धारण सिफारिस समितिको प्रतिवेदनका आधारमा आवश्यकतानुसार थप अध्ययन गरी "एक स्थानीय तह ३ फलफूल र

तीन नम्बर प्रदेश १५ फलफुल" को अवधारणामा फलफूल उत्पादन क्षेत्रहरु निर्धारण गरी सोहि अनुरुप कार्यक्रम निर्धारण गर्ने।

६. <u>फलफूल बिरुवा प्रवर्द्धन कार्यक्रम निम्न क्षेत्रहरुमा सञ्चालन हुनेछः-</u>

(क) प्रदेश अन्तर्गत रहने निकाय, सामुदायिक वन उपभोक्ता महासंघ तथा जिल्ला समन्वय समितिका पदाधिकारिहरुसँग फलफूल वर्ष र फलफूल दशक सम्बन्धी तथा फलफूल रोपण कार्य योजना निर्माण गर्ने अन्तरक्रिया गोष्ठी सञ्चालन गर्ने,

(ख) "एक स्थानीय तह ३ फलफूल" तथा "तीन नम्बर प्रदेश १५ फलफूल " को अवधारणामा फलफूल क्षेत्र निर्धारण (Fruit Zoning) गर्ने,

(ग) स्थानीय तहको समन्वयमा फलफूल वृक्ष रोपण हुने क्षेत्र तथा संस्था छनौट तथा बिरुवाको प्रकार, संख्या र क्षेत्रफल निर्धारण गर्ने,

(घ) सम्बन्धित सामुदायिक/कबुलियत वन, कृषक समूह/सहकारी तथा निजि फर्महरुमा कार्यरत ५० वर्ष उमेर ननाघेका युवाहरुलाई तालिम प्रदान गर्ने,

(ङ) युवाहरुलाई बढीमा तीन कार्य दिनको सैद्धान्तिक र व्यवहारिक तालिम सञ्चालन गर्ने,

(च) बिरुवा खरिद गरी वृक्ष रोपण हुने क्षेत्रसम्म ढुवानी गर्ने,

(छ) वृक्ष रोपण कार्यमा तालिम प्राप्त युवाहरुको परिचालन गर्ने,

(ज) बिरुवा वृद्धि अवस्था बारे स्थलगत अनुगमन र प्रतिवेदन,

(झ) प्रदेश भित्र रहेका सरकारी तथा निजि वन तथा फलफूल नर्सरीको आधुनिकीकरण गरी स्वस्थ र गुणस्तरीय फलफूल तथा अन्य बिरुवा उत्पादन गर्न प्रोत्साहन गर्ने,

(ञ) सम्बन्धित स्थानीय तह वा साझेदार संस्थाले आंशिक समय उपयोग हुने गरि फलफूल हेरालुको व्यवस्था, परिचालन र सुपरिवेक्षण गर्ने र सो को बजेट व्यवस्था मन्त्रालय वा सम्बन्धित स्थानीय तहले गर्ने,

(ट) सरकारी-निजी-सहकारी साझेदारीमा फलफूल प्रशोधन उद्योग स्थापना र सञ्चालन गर्ने,

(ठ) फलफूल बजारीकरण प्रवर्द्धन सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने,

(ड) कृषि उपज तथा उत्पादन सँग सम्बन्धित क्रियाकलापको बारेमा डकुमेन्ट्री निर्माण तथा प्रसारण गर्ने ।

७. <u>प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रकृया</u>: (१) कृषि ज्ञान केन्द्रहरुले कार्यक्रम सञ्चालन गर्न इच्छुक साझेदार संस्थाबाट प्रस्ताव पेश गर्न १५ दिने म्याद दिई राष्ट्रिय स्तर वा स्थानीय वा दुवै पत्रिकामा अनुसुची-१ वमोजिमको प्रस्ताव आह्वान गर्नुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम आह्वान गरिएको प्रस्तावमा इच्छुक साझेदार संस्थाले तोकिएको ढाँचामा कृषि ज्ञान केन्द्र वा सम्बन्धित स्थानीय तह मध्ये कुनै एकमा निवेदन र प्रस्ताव दर्ता गर्न सक्ने छन् ।

(३) कृषि ज्ञान केन्द्रले प्रकाशित गर्ने उपदफा (१) वमोजिमको सूचनाको जानकारी यस कार्यक्रम लागु हुने सम्वन्धित स्थानीय तहमा समेत पठाउनु पर्नेछ ।

(४) उपदफा (२) वमोजिम दर्ता गर्ने प्रस्तावको ढाँचा अनुसूची-२ वमोजिम हुनेछ ।

(५) उपदफा (१) वमोजिम स्थानीय तहमा दर्ता भएका प्रस्तावहरु सम्वन्धित स्थानीय तहको कृषि शाखाले जम्मा गरी सम्बन्धीत कृषि ज्ञान केन्द्रमा पठाउनु पर्नेछ ।

८. <u>मुल्याङ्कन समितिः</u> (१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतीका लागि सिफारीस गर्न कृषि ज्ञान केन्द्रमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४मा व्यवस्था भए बमोजिमको मूल्याङ्कन समिति रहने छ ।

(२) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले आवश्यकता अनुसार मूल्याङ्कन तथा अन्य मापदण्डहरु तयार गरी स्वीकृतिका लागि कार्यलयमा पेश गर्ने,

(ख) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी स्वीकृतिका लागि कार्यलयमा पेश गर्ने ।

९. <u>सम्झौताः</u> (१) दफा ८ बमोजिम प्रस्ताव स्विकृत भएका साझेदार संस्थाहरुसँग कार्यहरु सञ्चालन गर्ने सम्झौता गर्न आउन पन्ध्र दिनको समयावधि दिई कृषि ज्ञान केन्द्रले जानकारी गराउनु पर्छ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र आउने साझेदार संस्थासँग कृषि ज्ञान केन्द्रले अनुसूची-३ बमोजिम सम्झौता गरिदिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समयसीमा भित्र सम्झौता गर्न नआउने साझेदारको स्वतः छनौट रद्द भएको मानि दोस्रो प्राथमिकता प्राप्त साझेदारलाई छनौट गर्न बाधा पुगेको मानिने छैन ।

(४) दफा ८ बमोजिम प्रस्ताव आव्हान गर्दा एकमात्र प्रस्ताव परी यसै दफाको उपदफा (३) बमोजिमको परिस्थिति पर्न आए पुनः पन्ध्र दिनको सूचना प्राकाशन गरी प्रस्ताव आव्हान गर्न सकिनेछ।

१०. कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन प्रधानमन्त्री कृषि आधुनिकीकरण परीयोजना र स्थानिय तहहरुद्वारा सञ्चालित कार्यक्रम लगायत अन्य संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाहरुसँग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकिकृत रुपमा सञ्चालन गर्नु पर्ने छ ।

११. <u>अनुगमन मुल्याङ्कनः</u> यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, कृषि विकास निर्देशनालय र कृषि ज्ञान केन्द्रहरुले आवश्कताका आधारमा गर्न सक्ने छन् । यसरी गरिएको अनुगमन तथा मुल्याङ्कनको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद-३
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

१२. **कार्यक्रम सञ्चालनः** (१) प्रदेश अन्तर्गत रहने कृषि कार्यालय, सामुदायिक वन उपभोक्ता महासंघ तथा जिल्ला समन्वय समितिका पदाधिकारीसँग फलफूल वर्ष, फलफूल दशक तथा "एक स्थानीय तह ३ फलफूल", तथा "प्रदेश नम्बर तीन १५ फलफूल" को अवधारणामा फलफूल क्षेत्र निर्धारण सम्बन्धी प्रचलित नियमानुसार गोष्ठी सञ्चालन तथा प्रतिबेदन,

(२) प्रचलित नर्म्स बमोजिम युवाहरुलाई बढीमा तीन कार्य दिनको सैद्दान्तिक र व्यवहारिक तालिम सञ्चालन,

(३) बिरुवा तथा बिरुवा ढुवानीमा शत प्रतिशत अनुदान दिने,

(४) वृक्ष रोपण कार्यमा स्थानिय दर रेट अनुसार वा नेपाल सरकारले तोकेको न्युनतम श्रमिक पारिश्रमिक नघट्ने गरि तालिम प्राप्त युवाहरुलाई एक सामुदायिक वनमा बढीमा दुई युवा तीन महिनाका लागि बृक्षा रोपण तथा प्रविधि प्रसारमा परिचालन गर्ने,

(५) नयाँ नर्सरी निर्माण गर्न वा पुरानो नर्सरिलाई आधुनिकीकरण गरी गुणस्तरीय बिरुवा उत्पादन गर्न पूर्वाधार (हरित गृह निर्माण, थोपा सिंचाई, साना सिंचाई, मल्चिंग, माउ बिरुवा आदि) विकास मा साठीमा प्रतिशत अनुदान प्रदान गर्ने,

(६) आंशिक समय उपयोग गर्ने शर्तमा फलफूल हेरालुलाई स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रति महिना बढीमा रु. पाँच हजार पारिश्रमिक प्रदान गर्ने,

(७) फलफूल हेरालुले वृक्ष रोपण पश्चात बिरुवाको हेरचाह, सिचाई, मलजल तथा बिरुवाको अवस्था बारे सम्बन्धित साझेदार संस्था वा स्थानीय निकायमा साप्ताहिक रुपमा जानकारी गराउनु पर्नेछ,

(८) सरकारी-निजि-सहकारी साझेदारीमा फलफूल प्रशोधन उद्योग स्थापना र भौतिक संरचना निर्माण गर्न सत्तरी प्रतिशत तथा उपकरण औजारमा पचास प्रतिशत सम्म अनुदान दिने,

(९) फलफूल बगैंचा थोपा सिंचाई प्रणाली स्थापना गर्न पचहत्तर प्रतिशत अनुदान तथा बगैचा व्यवस्थापनमा प्रयोग हुने उपकरणमा पचास प्रतिशत अनुदान दिने,

(१०) अन्य कार्यक्रम सञ्चालनको हकमा प्रचलित कार्यविधि र सार्बजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार हुनेछ,

(११) बिरुवा ढुवानी पूर्व उपयुक्त प्याकेजिंगका लागी बिरुवाको कूल मुल्यको पन्ध्र प्रतिशतका दरले बिरुवा प्याकेजिंग चार्ज सम्बन्धित नर्सरी धनीलाई प्रदान गर्ने,

(१२) ढुवानी तथा भण्डारणका बखत पन्ध्र प्रतिशत सम्म बिरुवा नष्ट हुने आधारमा बिरुवा मोर्टालिटि खर्च व्यवस्था गर्ने ।

(१३) मन्त्रालयले अनुदान प्राप्त गर्ने साझेदार संस्थाको विवरण चौमासिक रुपमा मन्त्रालयको वेभसाईटमा राख्नु पर्नेछ ।

१३. **कारबाहीको व्यवस्था:** (१) सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई कृषि ज्ञान केन्द्रले अनुदान रोक्का गर्नेछ ।

(२) यस कार्यविधि बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाइएमा त्यस्ता साझेदार संस्थालाई प्रचलित ऐन नियम बमोजिम कारवाही गरी रकम असुल उपर गरिनेछ ।

१४. <u>संशोधन</u>: यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अडचन परे मन्त्रालयले फुकाउने छ ।

१५. <u>वचाउ</u> : यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची-१

(दफा ७ सँग सम्बन्धित)

**प्रस्ताव आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मितिः २०७५/ /

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ अन्तर्गतको कृषि ज्ञान केन्द्र,...... को आ.व. ............ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार फलफूल वर्ष कार्यक्रम सञ्चालन कार्यविधि २०७५-बमोजिम फलफूल वर्ष कार्यक्रम सञ्चालन गर्न इच्छुक (महानगरपालिका गाउँपालिका/ नगरपालिका/ महानगरपालिका-उप/) का कृषक समूह, कृषि सहकारी, नीजि फर्म, सामुदायिक वन, आफै उत्पादन गर्ने कृषक र कृषि उद्यमीहरुले यो सूचना प्रकाशित भएको १५ औं दिनसम्ममा कार्यालय समय भित्र आईपुग्ने गरी तपशिल बमोजिमका कागजात सहित निवेदन साथ अनुसुची २ वमोजिमको प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस हुन नसक्ने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

१. रु. १० को हुलाक टिकट टाँस गरेको निवेदन
२. आवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र संस्थाको हकमा संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र ।
३. संस्थाको हकमा स्थायि लेखा नम्बर (PAN) दर्तानविकरण/ प्रमाणपत्रको- प्रमाणित प्रतिलिपि।
४. प्रस्तावकले लागत साझेदारी गर्ने र अन्य निकायवाट अनुदान लिए/नलिएको प्रतिबद्धता-पत्र।
५. प्रस्ताव अनुसारको लागत अनुमान ।

## अनुसूची -२
(दफा ७ सँग सम्बन्धित)

**प्रस्ताव-पत्र**

| क) प्राविधिक प्रस्तावः | | |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | |
| ३ | आवदेकको नाम | |
| ४ | ठेगाना | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन नं., फ्याक्स् नं., मोवाइल नं. | |
| ६ | आवेदकको email address | |
| ७ | आवेदक संस्थाको दर्ता नम्बर | |
| ८ | दर्ता भएको निकाय र दर्ता मिति | |
| ९ | आवेदक संस्थाको उमेर(दर्ता वा स्थापना पश्चातको अवधी वर्षमा) | |
| १० | भ्याट /पान दर्ता नम्बर | |
| ११ | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. | |
| १२ | प्रस्तावकले आफ्नै श्रोतबाट व्यहोर्ने रकम रु. | |
| १३ | कृषि ज्ञान केन्द्रसँग माग गरेको रकम रु. | |
| १४ | प्रस्तावित कार्यक्रमको उद्देश्यः | |
| १४.१ | | |
| १४.२ | | |
| १४.३ | | |
| १४.४ | | |
| १४.५ | | |
| १५ | प्रस्तावित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यमान भौतिक पूर्वाधारहरुः | |

| | | | | |
|---|---|---|---|---|
| १५.१ | सडक सुविधा (छ/छैन) | | नजिकको बजारको नाम | |
| १५.२ | कस्तो सडक छ (कच्चि/पक्कि) | | बजार सम्मको दुरी (कि.मी.) | |
| १५.३ | बिजुलीको सुविधा (छ/छैन) | | सदरमुकाम देखिको दुरी (कि.मी.) | |
| १५.४ | खानेपानीको सुविधा (छ/छैन) | | जग्गाको स्वामित्व (आफ्नै/लिजमा) | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्याः | | | | | |
| १७ | लक्षित समुदाय (अप्रत्यक्ष लाभान्वित हुनेको संख्या) | पूरुष | महिला | दलित | जनजाती | अन्य |
| | | | | | | |

| | | |
|---|---|---|
| १८ | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने कृयाकलापहरुको विवरणः | |
| १८.१ | | |
| १८.२ | | |
| १८.३ | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | कृयाकलाप कार्यान्वयन योजनाः | | | | | | | | | | | | |
| | योजना | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | बैशाख | जेष्ठ | आषाढ |
| १९.१ | | | | | | | | | | | | | |
| १९.२ | | | | | | | | | | | | | |
| १९.३ | | | | | | | | | | | | | |
| १९.४ | | | | | | | | | | | | | |

| | | |
|---|---|---|
| २० | कार्यक्रम समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु (बुंदागत रुपमा सम्भव भए परिमाण समेत खुलाउने): | |
| | अपेक्षित उपलब्धिहरु | परिमाण |
| २०.१ | | |
| २०.२ | | |
| २०.३ | | |
| २०.४ | | |

| | | |
|---|---|---|
| २१ | प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तीनको नाम र सहकार्य हुने रकम खुलाउनेः | |
| | प्रस्तावित कार्यक्रममा संलग्न निकायहरुको नाम र ठेगाना | सहकार्य हुने रकम रु. |
| २१.१ | | |
| २१.२ | | |
| २१.३ | | |
| २१.४ | | |

| | |
|---|---|
| २२ | प्रस्तावकले बिगत वर्षमा सम्पन्न गरेका उल्लेखनिय कार्यहरु (प्रस्तावित कार्यक्रमसँग मेलखाने मात्र): |
| २२.१ | |
| २२.२ | |
| २२.३ | |
| २२.४ | |

| | | |
|---|---|---|
| २३ | उपरोक्त कार्य सम्पादनका लागी भएको लगानी रकम रु. | |

| | | |
|---|---|---|
| २४ | प्रस्तावित कार्यक्रम सम्बन्धी आवेदकको अनुभव र तालिम भए अवधी समेत खुलाउने : | |
| | अनुभव तथा तालिमहरु | अवधी |
| २४.१ | | |
| २४.२ | | |
| २४.३ | | |
| २४.४ | | |

| | | | |
|---|---|---|---|
| २५ | प्रस्तावकसगं विद्यमान जनशक्ति विवरणः | | |
| | जनशक्ति विवरण | शैक्षिक योग्यता | तालीमको नाम र अवधी |
| २५.१ | | | |
| २५.२ | | | |
| २५.३ | | | |

| | | |
|---|---|---|
| २६ | प्रस्तावित कार्यक्रमले सृजना गर्ने थप रोजगारी संख्याः | |

ख) आर्थिक प्रस्तावः

प्रस्तावमा उल्लेखित कृयाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरणः

| क. सं. | मुख्य-मुख्य कृयाकलापहरु | ईकाई | परिमाण | प्रति ईकाई दर | कुल लागत रकम रु. | प्रस्तावकको योगदान रु. | मन्त्रालयबाट अनुदान रु. | प्रस्तावकले बेहोर्ने रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| जम्मा रकम रु. | | | | | | | | |
| VAT रकम रु. | | | | | | | | |
| कुल जम्मा रकम रु. | | | | | | | | |

उल्लेखित सम्पूर्ण विवरणहरु सही रुपमा पेश गरेको छु/छौं । कहिं कतै झुठो ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँदछु/छौं ।

प्रस्तावक संस्थाको जिम्मेवार पदाधिकारीको

| | |
|---|---|
| नामः | |
| पदः | |
| हस्ताक्षरः | |
| मितिः | |
| संस्थाको छाप | |

अनुसूची-३

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

**सम्झौता-पत्र**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ अन्तर्गतको कृषि ज्ञान केन्द्र..... को आ.व. .......... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत लागत साझेदारीमा आधारित फलफूल वर्ष कार्यक्रम सञ्चालन सम्बन्धी मिति ......... गतेको ......... राष्ट्रिय दैनिक /स्थानिय साप्ताहिक /स्थानिय दैनिक पत्रिकामा प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये मिति .......... मा बसेको कार्यक्रम मुल्याङ्कन समितीको बैठकबाट श्री ............ को प्रस्ताव छनौट भएको हुंदा कृषि ज्ञान केन्द्र..... (यसपछि प्रथम पक्ष भनिने) र श्री .................(यसपछि दोस्रो पक्ष भनिने) बिच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी फलफूल वर्ष कार्यक्रम सञ्चालन कार्यक्रम सञ्चालनका लागी द्वि-पक्षिय सम्झौतागरि बुझिलियौं/दियौं ।

**तपशिलः**

१. प्रथम पक्षले लागत साझेदारीमा आधारित फलफूल वर्ष कार्यक्रम सञ्चालन कार्यक्रमको लागी विनियोजित रु.......... .......... मध्ये दुई प्रतिशत कन्टिन्जेन्सी वापतको रु .......... कट्टा गरी दोश्रो पक्षलाई रु. ........... ( अक्षरुपी...........................) बराबरको आर्थिक अनुदान प्रदान गर्नेछ ।

२. दोश्रोपक्षले बांकी रकमको व्यवस्था गरी प्रदेश नं .३को ................. महानगरपालिका /उप-महानगरपालिका /नगरपालिका /गाउँपालिका, ....... नं. वडाको ................... भन्ने स्थानमा .....................सम्ममा कार्यक्रम सम्पन्न गर्नेछ ।

३. दोश्रोपक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्विकृत प्रस्ताव पत्र मुताविका सम्पुर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ ।

४. कार्यक्रम सञ्चालनका लागी आवस्यक निर्माण सम्बन्धी डिजाईन, इष्टिमेट, सुपरभिजन, रनिङ्ग विल, अन्तिम विल र कार्य सम्पन्न प्रतिवेदन लगायतका सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदी दोश्रो पक्षले गर्नेछ ।

५. दोश्रो पक्षले शुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट बिल, दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवस्यक अन्य कागजात सहित भुक्तानीका लागी प्रथम पक्ष समक्ष निवेदन पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनका आधारमा मनासिव ठहरे दोश्रो पक्षलाइ प्रथम पक्षले किस्तावन्दीमा रकम भुक्तानी दिनेछ ।

६. प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन /निरिक्षण गरी सम्झौता मुताविक कार्य भए /नभएको हेर्न र आवस्यक सल्लाह सुझाव दिन सक्नेछ ।

७. दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नेछ ।

८. कार्यक्रम सन्चालनका दौरान वा सम्पन्न भए पश्चातको सन्चालन, व्यवस्थापन, जोखिम र दिगोपनका लागी गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

९. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगती, उपलब्धी एवं कारोवार सम्बन्धी विवरणहरु सम्बन्धित स्थानिय निकाय मार्फत प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

१०. कार्यक्रम सञ्चालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

११. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

१२. द्विपक्षिय सम्झौता मुताविकको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा पथम पक्षले एक पटकका लागी सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम दोश्रो पक्षवाट सरकारी बाँकी-बक्यौता सरह असुल उपरको प्रकृया अगाडी बढाउन सक्नेछ ।

**<u>दोस्रो पक्षको तर्फबाटः</u>**

हस्ताक्षरः

नामः

पदः

कार्यालयः

कार्यालयको छापः

**<u>प्रथम पक्षको तर्फबाटः</u>**

हस्ताक्षरः

नामः

पदः

कार्यालयः

कार्यालयको छापः

**<u>रोहवर</u>**

हस्ताक्षरः

नामः

पदः

कार्यालयः

कार्यालयको छापः

हस्ताक्षरः

नामः

पदः

कार्यालयः

कार्यालयको छापः

इति सम्वत् .............. साल ................. महिना ......... गते रोज ........ शुभम् ।